
# संसदीय समितिहरूको मर्यादा, क्षेत्राधिकार र भूमिका



माननीय प्रकाश ज्वाला [*]

संसद जनताबाट निर्वाचित जन प्रतिनिधिहरूको सर्वोच्च विधायिकी निकाय हो । जनताका अधिकार र भावना संबोधन हुनेगरी कानून बनाउनेदेखि राष्ट्रिय र प्रादेशिक महत्वका कामहरू संसदले गर्छ। सबै विषयहरू संसदको पूर्ण सदनमा छलफल गरी निर्णय गर्न सहज र व्याबहारिक नहुने भएकोले संसदका प्रतिनिधिका रुपमा विभिन्न समितिहरूको व्यबस्था गरिएको छ । समितिहरूले आफ्नो क्षेत्राधिकारभित्र रहेर एक किसिमले संसदको अधिकार प्रयोग गर्ने गर्छन् । यस अर्थमा संसदीय समितिहरू पनि संसदजस्तै सार्वभौम हुन्छन् । त्यसैले संसदअन्तर्गत रहेका समितिहरूलाई "मिनि संसद (Mini Parliament)" भनिन्छ । संसदीय समितिहरूमा विधेयकमाथि दफाबार छलफल हुन्छ र त्यसलाई पूर्ण सदनले पारित गरेपछि ऐनको रुपलिन्छ। संसदीय समितिहरूले कार्यकारी अर्थात सरकारका कामको खबरदारी गर्ने र गलत काम गरेमा त्यस्ता काम सच्याउन र राम्रा काम गर्न निर्देशनजी एवं राय सल्लाह दिन सक्छन् ।

नेपालमा संसदीय समितिहरूको अभ्यास संसदीय व्यबस्थासंगै जन्मिएको हो । बहुदलीय लोकतान्त्रिक व्यबस्थामा राज्यको सर्वोच्च विधायिकी निकाय व्यबस्थापिका हुन्छ । त्यस्तो व्यबस्थापिकाअन्तर्गत कार्यकारीको रुपमा संसदीय समितिहरू रहन्छन् । संसदीय प्रजातन्त्रको जननी भनिने बेलायतदेखि सबैभन्दा ठूलो लोकतन्त्र ठानिने भारत र अमेरिकालगायत संसदीय परिपाटी अंगालेका देशहरूमा संसदीय समितिहरूको अभ्यास छ । ती देशहरूमा संसदीय समितिहरू अत्यन्त शक्तिशाली हुन्छन् र समितिहरूका निर्देशन सरकारलाई मान्न बाध्य हुन्छ । सरकारले गरेका गलत निर्णयहरूलाई संसदीय समितिहरूले सुधार गरेका उदाहरणहरू पनि छन् । त्यसकारण सार्वभौम संसदअन्तर्गतका सार्वभौम समितिहरूको गरिमा, हैसियत र अधिकार क्षेत्रका बारेमा धेरै बहस गरिरहनु पर्दैन ।

यतिबेला हामी संघियता कार्यान्वयनको क्रममा छौं । नयाँ संविधान निर्माण भई जारी भएपछि संघियता कार्यान्वयनका सिलसिलामा विभिन्न तहका निर्वाचनहरू सम्पन्न भएका छन् । प्रदेश सभाको निर्वाचन सम्पन्न भएपछि सबै प्रदेशमा प्रदेश सभाहरू गठन भएर क्रियाशिल छन् । प्रदेश सभाहरूका कार्यकाल पनि दुई वर्ष व्यतित भई सकेको छ । प्रदेश सभाहरूले आफ्नो कार्य सञ्चालनका लागि प्रदेश सभा नियमावली बनाएर लागु गरिरहेका छन् ।

---

[*] सदस्य, कर्णाली प्रदेश सभा तथा मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेश

यसै सन्दर्भमा कर्णाली प्रदेशमा पनि प्रदेश सभा निर्वाचन पश्चात प्रदेश सभा गठन भई क्रियाशील हुन पुग्यो । चौविस निर्वाचन क्षेत्रबाट निर्वाचित र समानुपातिक गरी ४० जनाको प्रदेश सभा गठन भएपछि प्रदेश सभाको कार्य सञ्चालनका लागि कर्णाली प्रदेश सभा नियमावली निर्माण भयो । सो नियमावलीले प्रदेश सभा अन्तर्गत चार वटा विषयगत समितिहरूको व्यबस्था गरको छ । प्रदेश मन्त्री परिषदको कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश लोक सेवा आयोग र सरकारका कामकाजको अनुगमन गर्ने गरी विधायन तथा प्रदेश मामिला समिति छ भने प्रदेश लोक सेवा र मानव अधिकार आयोग बाहेक प्रादेशिक संबैधानिक आयोगका प्रतिवेदन, सार्वजनिक लेखा तथा प्रदेश लेखा परिक्षक कार्यालयको प्रतिवेदन तथा बेरुजु फछ्र्यौट सम्बन्धि काम गर्नका लागि सार्वजनिक लेखा समितिको व्यबस्था छ । त्यसरी नै आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालयको क्षेत्राधिकार रहेको अर्थ तथा प्राकृतिक श्रोत समिति र सामाजिक विकास मन्त्रालय, भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय तथा मानव अधिकार सम्बन्धि कामको लागि सामाजिक विकास समिति रहने व्यबस्था छ । कार्य क्षेत्र फरक फरक भएता पनि सबै समितिहरू अधिकार, महत्व र भूमिकाका हिसाबले समान र सार्वभौम छन् ।

कर्णाली प्रदेश सभाका समितिहरूको एउटा महत्वपूर्ण विशेषता हो, समावेशिता । 'समितिमा सदस्यहरूको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सदस्य संख्या, महिला, दलित, आदिवासी/जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, खस-आर्य तथा अन्य समुदायको समानुपातिक प्रतिनिधित्वलाई ध्यान दिनु पर्ने÷ व्यबस्था नियमावलीमा गरिएको छ ।

विषयगत समितिका धेरै महत्वपूर्ण काम, कर्तव्य र अधिकार रहेका छन् । समितिले आफ्नो विषय क्षेत्रभित्र पर्ने मन्त्रालय र अन्य सरकारी निकायहरूको काम कार्वाहीको अनुगमन, विश्लेषण एवं मूल्याँकन गरी प्रतिवेदन दिने अधिकार राख्दछ । यसरी समितिले सरकारलाई सिधै वा प्रदेश सभामार्फत गलत काम सच्च्याउन र राम्रो कामको लागि निर्देशन र परामर्श दिन सक्दछ । समितिले बजेटका सिद्धान्त र प्राथमिकताका बारेमा प्रदेश सभा सदस्यहरू वीच छलफल गराई सरकारलाई सुझाव दिने र नियमित रुपमा सभामा प्रतिवेदन पेश गर्ने काम गर्दछ । समितिमा प्राप्त विधेयकहरूमा आवश्यक छलफल गरी प्रदेश सभामा प्रतिवेदन सहित पेश गर्ने व्यबस्था छ । यसरी कानून निर्माण समितिको ठूलो भूमिका हुन्छ ।

संसदीय समितिको नेतृत्व समितिका अध्यक्षहरूले गर्छन् । समितिले आफू मध्यबाट एक जना अध्यक्षको चयन गर्ने छ र अध्यक्षको चयन नभएसम्मको लागि समितिको जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ। समितिका अध्यक्षहरूलाई नियमावलीले विशेष अधिकार सम्पन्न गराएको छ । दफा १५८ मा समितिको बैठकमा शान्ति, सुव्यबस्था तथा अनुशासन कायम राखी समितिको बैठक सुचारुरुपले सञ्चालन गर्न समिति र समितिका सदस्यहरूका सम्बन्धमा सभापतिलाई यस नियमावली बमोजिम सभामुखलाई भएको सबै अधिकार हुनेछ भन्ने व्यवस्था गरिएको छ । समितिका कार्यक्षेत्रहरूका बारेमा पनि कहिल्यकाहीं विवाद उत्पन्न हुने गरेको छ । त्यसरी कार्यक्षेत्रका हकमा विवाद उत्पन्न भएमा त्यसको समाधान अरु कसैले नभई सभामुखले दिन सक्छन् । नियमावलीको दफा १६३ मा समितिका कार्यक्षेत्र सम्बन्धी विवाद उठेमा सभामुखको निर्णय अन्तिम हुने व्यवथा छ । समितिका अध्यक्षहरूको बैठक समय समयमा सभामुखद्वारा बोलाउने व्यवस्था पनि रहेको छ ।

सभाले विशेष कामको लागि एउटा विशेषाधिकार समिति पनि गठन गर्ने व्यबस्था छ । नियमावली अनुसार सो समितिलाई विशेष अधिकारको व्यबस्था छ । समितिले आफ्नो कामको निमित्त आवश्यक कुनै कागजपत्र झिकाउन वा कुनै व्यक्ति वा पदाधिकारीलाई उपस्थित गराउन, सोधपुछ गर्न र लिखत प्रमाणहरू दाखिला गराउन सक्छ । उपस्थित गराईएको व्यक्ति वा पदाधिकारीलाई समितिले आवश्यक भएमा बयान लिन र बकपत्र गराउन सक्नेछ भन्ने प्रावधान छ । यस सम्बन्धमा समितिको निर्णय अन्तिम हुने व्यबस्था छ । नियमावलीले यति प्रष्टसँग कुनै पनि व्यक्ति वा पदाधिकारीलाई आफ्नो बैठकमा उपस्थित गराउन तथा वयान लिन र वकपत्र गराउनसमेत सक्ने अधिकार राख्छ ।

कर्णाली प्रदेश सभाका समितिहरूले दुई वर्ष पुगिसक्दा पनि पूर्णता पाउन सकेका छैनन् । जुनसुकै कारणले भएपनि समितिहरूले नेतृत्व पाउने कुरामा ढिलाई भएको छ । यो प्रश्न सभाभित्र र बाहिर धेरै पटक उठी पनि सकेको छ । समितिहरूले अहिले पनि प्रभावकारी रुपमा नै काम गरिरहेका छन् । तर पनि समितिका काम कार्बाहीहरूलाई अझै व्यबस्थित र प्रभावकारी बनाउनका लागि समितिका अध्यक्षहरूको चयन गरेर समितिहरूलाई अझै सशक्त बनाउन जरुरी छ ।

समितिहरूले यस बीचमा राम्रा कामहरू गरेका छन् । समितिहरूले सभामा प्रस्तुत भई समितिमा प्राप्त विधेयकहरूलाई व्यापक रुपमा दफावार छलफल अन्तिम रुपमा दिएका छन् । त्यस्ता विधेयकहरूलाई प्रतिवेदन सहित सभामा पेश गरेर ऐनको रुपमा पारित भएका छन् । समितिहरूले विकास निर्माण लगायतका विषयहरूमा समय समयमा अनुगमन गरेर प्रतिवेदन दिएका छन् । जसबाट सरकारलाई सजग, सतर्क र मार्ग दर्शन पनि प्राप्त भई रहेका छन् । त्यसरी नै प्रदेश र जनतासँग जोडिएका महत्वपूर्ण विषयहरूलाई समितिहरूले एजेण्डा बनाएर छलफल गर्ने, सरकारका प्रतिनिधि र अन्य सरोकारवालाहरूसँग अन्तरक्रिया गर्ने काम पनि भईरहेका छन् । जनतालाई एडभोकेसी गर्ने र समस्या संकलन गर्नका लागि विभिन्न जिल्लाहरूको अध्ययन भ्रमण गर्ने काम पनि भइरहेका छन् ।

समितिले गरेका कामहरूको बार्षिक प्रतिवेदन र आवधिक प्रतिवेदन सभामा पेश गर्ने र सभाले तिनीहरूको स्वामित्व लिने काम पनि भएको छ । अझै पनि प्रदेश सभा र सरकारलाई नियमित रुपमा जोड्ने, सरकारका कमजोरीहरूका बारेमा सरकारलाई सचेत गराउने, सुझाव सल्लाह दिने, राम्रा काम गर्न उत्प्रेरित गर्ने काममा समितिहरू सक्रिय हुने विश्वास लिइएको छ । समितिहरूका निश्पक्ष र प्रभावकारी भूमिकाले प्रदेश सभा र सरकारका कामहरूलाई सहजीकरण, सहयोग र मार्ग निर्देश गर्न सक्दछन् ।
समितिहरूले आफ्नो क्षेत्राधिकारभित्र रहेर आफ्नो मर्यादा स्थापित गर्दै, समितिको भूमिका बढाउदै अघि बढीरहेका छन् । जनताको अपेक्षा अनुसार यसरी नै संसदीय समितिहरूको गरिमा, भूमिका र प्रतिष्ठा अझ उचो बनाउन सकिनेछ ।